# सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**माबुमोड देउराली**

स्था :२०७३

कोशी प्रदेश, नेपाल

मिति: २०८३/०६/२१

ने.सं. ११४६

प.स: २०८३/०८४

च.नं: २३

सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माबुमोड देउराली, इलाम २०७३

श्री सरोकारवाला सबै ।

**विषय: रायसुझाव पेश गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा पालिकाको शिक्षा समितिको मिति २०८३/०६/२१ गते बसेको वैठकको निर्णयानुसार सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट तथा नियुक्ति गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्न पालिकामा निर्माणको चरणमा रहेको 'प्रधानाध्यापक छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि, २०८३' को मस्यौदा यसै साथ संलग्न गरिएको छ । उक्त मस्यौदा अध्ययन गरि सरोकारवाला सबैले आवश्यक राय सुझाव यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सोझै पालिकामा वा शिक्षा युवा तथा खेलकुद शाखाको इमेल sandakpurrmedu@gmail.com मा पेश गरि सहयोग गरिदिनुहुन सिफारिस साथ अनुरोध छ ।

२०८३/०६/२१

.....................

दिल कुमार लिम्बु

प्रमुख प्रशासकिय अधिकृत

दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावनाः

गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरूमध्ये योग्यता पुगेका दक्ष, कुशल एवं व्यवस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति गरी शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धी लगायत विद्यालयको समग्र शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकिय कार्यलाई समय सान्दर्भिक बनाई सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः-

क. यस कार्यविधिको नाम **"प्रधानाध्यापक छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ ।

ख. यो कार्यविधि सन्दकपुर गाउँपालिकाका सामुदायिक विद्यालयको हकमा मात्र लागु हुनेछ ।

ग. यो कार्यविधि सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनु पर्छ र यस शब्दले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई समेत जनाउँछ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली -२०५९ लाई सम्झनु पर्छ ।

ग) "गाउँ पालिका ऐन" भन्नाले सन्दकपुर गाउँपालिकाबाट जारी भएको गाउँ शिक्षा ऐन लाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "शिक्षा समिति" भन्नाले प्रचलित ऐन कानुन बमोजिम गठित सन्दकपुर गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

च) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले सन्दकपुर गाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज) "संयोजक" भन्नाले यसै कार्यविधिको दफा ८ बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्दछ ।

झ) "शिक्षा शाखा प्रमुख" भन्नाले सन्दकपुर गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख जिम्मेवारि प्राप्त शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

ञ) "शिक्षा अधिकृत" भन्नाले सन्दकपुर गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको स्विकृत दरबन्दिमा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

ट) "शिक्षक छनौट समिति" भन्नाले यसै कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ठ) "विज्ञ" भन्नाले यसै कार्यविधि दफा ८ बमोजिम छनौट गरिएको वा आमन्त्रित गरिएको प्रधानाध्यापकको जिम्मेवारी सफलता पुर्वक निर्वाह गरेको वा विद्यालय व्वस्थापन सम्बन्धि तालिम प्राप्त माध्यमिक तहको स्थानिय शिक्षकलाई सम्झनु पर्छ ।

दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

ड) "सामुदायिक विद्यालय" भन्नाले प्रचलित ऐन नियम अनुसार नेपाल सरकारको अनुदानमा संचालन हुने गरि अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालय संचालन तथा व्यवस्थापन कार्यको लागि नियमानुसार गठित समितिलाई सम्झनु पर्छ ।

ण) "प्राविधिक सहायक" भन्नाले सन्दकपुर गाउँपालिकाको शिक्षा युवा तथा शिषा शाखाको स्विकृत दरबन्दिमा कार्यरत प्राविधिक सहायक कर्मचारीलाई सम्झनु पर्छ ।

त) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक प्रशासनिक तथा व्यवस्थापकिय कार्य गर्नको लागि नियमानुसार नियुक्त प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

थ) "विद्यालय विकास प्रस्ताव" भन्नाले प्रधानाध्यापक छनौट प्रयोजनका आवश्यक विद्यालयको बहुआयामिक विकासको योजना, रणनिति र कार्यनिति समावेश भएको प्रस्तावनालाई सम्झनु पर्छ ।

द) "शिक्षक" भन्नाले प्रचलित ऐन नियम अनुसार नियुक्तिलिई विद्यालयमा कामकाज गरिरहेको व्यक्ति तथा तोकिए अनुसार गाउँपालिका वा विद्यालयबाट छनौट/नियुक्ति भई विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

ध) "विद्यार्थी" भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत सिकारुलाई सम्झिनु पर्छ।

न) "शैक्षिक गुणस्तर" भन्नाले विद्यालयमा विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई सम्झिनु पर्छ।

प) "सह-क्रियाकलाप" भन्नाले सामुदायिक विद्यालयमा संचालन हुने शैक्षिक पाठ्यक्रमका सहयोगी गतिविधिलाई सम्झनु पर्छ।

फ) "प्र. अ. प्रोत्साहन" भन्नाले सामुदायिक विद्यालयका प्रधानाध्यापको जिम्मेवारी बहन गरे बापत उपलब्ध गराईने अतिरिक्त रकम/भत्तालाई सम्झनु पर्छ।

ब) "कार्य सम्पादन करार" भन्नाले विद्यालय शिक्षाको गुणस्तर र व्यवस्थापन सुधारसँग सम्बन्धि सम्झौता सम्झनु पर्छ ।

## परिच्छेद -२

## प्रधानाध्यापकको नियुक्ति

**३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः-**विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था रहनेछ ।

**४. सूचना प्रकाशन गर्नेः-** (१) प्रधानाध्यापक नियुक्तिको लागि गाउँपालिकाले १५ दिनको समय सीमा दिई पद रिक्त रहेका विद्यालयको सुचिमा समेत संलग्नगरि विज्ञापन प्रकाशन गर्नेछ ।

२) उपदफा १ बमोजिम प्रधानाध्यापक पदको पदपुर्तिका लागि भएको विज्ञानमा नाम रहेका विद्यालयले ३ दिन भित्र विद्यालय व्वस्थापन समितिको वैठक बसि उपदफा १ को समय सिमा भित्र पर्नेगरि सम्भावित उम्मेदवारलाई तोकिए बमोजिम समिति समक्ष दरखास्त पेश गर्न सूचना प्रकाशन गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि गाउँपालिकाले पालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको लागि एकै पटक वा चरणवद्ध रुपमा गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

५. दरखास्त दिनेः - (१) दफा ४ बमोजिम सूचना प्रकासन भए पश्चात प्रधानाध्यापक पदमा उम्मेदवार हुन शिक्षा नियमावली २०५९ नियम ९३ बमोजिम योग्यता पुगेका इच्छुक शिक्षकले अनुसुची-१ बमोजिमको ढाँचमा विद्यालयको बहुआयामिक विकास प्रस्ताव तथा आवश्यक कागजातको प्रमाणित प्रति संलग्न गरी तोकिए बमोजिम सम्बन्धित विद्यालयको विद्यालय व्वस्थापन समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

२) उपदफा (१)बमोजिम विद्यालय व्वस्थापन समिति समक्ष पेश हुन आएका दरखास्त फारामहरु समितिले सुरक्षित राख्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिम दरखास्त साथ पेश गरिने विद्यालयको बहुआयामिक विकास प्रस्ताव उम्मेदवार हाल आफै कार्यरत विद्यालय वा अन्य सोही स्तर (आ. वि.१-३/५ वा आ.वि. १-८ वा मा.वि. १-१०/१२) का विद्यालयसँग सम्बन्धित हुनुपर्नेछ ।

६. प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यताः- शिक्षा नियमावली -२०५९ नियम ९३ का अलवा सूचना प्रविधिको ज्ञान र सिप समेत भएको हुनुपर्नेछ ।

७. दरखास्त फाराम शिक्षक छनौट समितिलाई बुझाउनेः-

१. दरखास्त पेश गर्ने म्याद समाप्त भएको मितिले सात दिन भित्र विद्यालय व्यवस्थापन समितिले पेशहुन आएका दरखास्त फारामहरु एकितृत गरि सुची तयार पारी शिक्षक छनौट समिति समक्ष पेश गर्नुपर्नेछ।
२. उपदफा (१) बमोजिम कागजात प्राप्त भएपश्चात छनौट समितिले सात दिनभित्र प्राप्त कागजातहरु रुजु गरी स्विकृत वा अस्वीकृत गर्नु पर्नेछ र उक्त विवरणको अलग अलग सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ ।
३. शिक्षक छनौट समितिले स्वीकृत उम्मेदवारहरुको नामनामेसी सहितको विवरण र पेश हुन आएका विद्यालय विकास प्रस्ताव तथा प्रस्तुतीकरण छनौट समितिले मुल्याङ्कन गर्नेछ ।

८. प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थाः-

१. सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट गर्दा कार्यविधिको दफा ९ बमोजिमको आधार र मापदण्ड बमोजिम मुल्याङ्कन गरी योग्यताक्रमको आधारमा गरिनेछ ।
२. उपदफा (१) बमोजिम छनौट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्तावनाको मुल्याङ्कन, सो प्रस्तावना उपरको प्रस्तुतीकरण, प्रश्नोत्तर तथा छलफलको मुल्याङ्कन कार्य सम्पन्न गर्न तपसिल बमोजिमको तीन सदस्यीय प्रधानाध्यापक छनौट समिति गठन गरिनेछ ।
   क) प्रमख प्रशासकीय अधिकृत- संयोजक
   ख) सम्बन्धित क्षेत्रको विज्ञ २ जना - सदस्य
   ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा अधिकृत- सदस्य सचिव

प्रमुख प्रशासकीय अधिकृत

३. उपदफा २ (ख) बमोजिमको विज्ञ छनौट गर्ने सन्दर्भमा प्रधानाध्यापक छनौट समितिको सदस्य सचिवले उक्त समितिको संयोजकसँगको समन्वयमा आवश्यकता, उपलब्धता र औचित्यताका आधारमा पालिका वा छिमेकी पालिकाबाट छनौट गरि प्रधानाध्यापक छनौट कार्यका लागि आमन्त्रण गर्न सक्नेछ ।

४. उपदफा (२) बमोजिम गठित शिक्षक छनौट समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारी हुनेछ ।

क) उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव मुल्याङ्कन गरी अङ्क प्रदान गर्ने ।

ख) कौशल तथा दक्षता परीक्षणको लागि शिक्षक छनौट समितिबाट प्रकाशित सूचना बमोजिम तोकिएको मिति, स्थान र समय तालिकामा उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव र समग्र विद्यालय सुधारको सम्बन्धमा सम्बन्धित उम्मेदवारको प्रस्तुतीकरण लिई सोसँग सम्बन्धित विषयमा प्रश्नोत्तर एवं छलफल गरी सोको मुल्याङ्कन गर्ने ।

ग) मुल्याङ्कनलाई थप वस्तुनिष्ठ बनाउन र आफ्नो कार्य जिम्मेवारीलाई वैज्ञानिक ढङ्गले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएको अलावा मुल्याङ्कनका थप आधारहरु छनौट समिति आफैले तय गर्न सक्नेछ ।

घ) प्रधानध्यापक छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

ङ) समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा छलफल एवं अन्य आवश्यक कार्यका लागि कुनै कर्मचारी, विज्ञ तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

च) शिक्षक छनौट समितिका पदाधिकारी तथा छनौट सम्बन्धी कार्यमा खटिने कर्मचारी र पदाधिकारीहरुको सेवा सुविधा नियमानसार हुनेछ ।

५. प्रधानाध्यापक छनौट को सन्दर्भमा शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सूचना को अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गर्ने र स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सुची तयार गरी प्रकाशन गर्ने ।

ख) स्वीकृत उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव, ज्येष्ठता, तालिम र शिक्षण नतिजा वापतको अङ्कनको लागि उम्मेदवारले पेश गरेको सो सम्वद्ध कागजात अध्ययन गरी अंकन दिने र प्राप्ताङ्कको तालिकीकरण गर्ने गराउने।

ग) कौशल तथा दक्षता परीक्षणको लागि मिति, स्थान र समय तालिका सहित सूचना प्रकाशन गर्ने ।

घ) विद्यालय विकास प्रस्ताव मुल्याङ्कन र प्रस्तुतीकरण एंम प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरूले प्राप्त गरेको अङ्क तालिकीकरण गर्ने गराउने।

ङ) अन्तर्वार्ता सञ्चालनको लागि सम्बन्धित विज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गर्ने ।

च) अन्तर्वार्ता सञ्चालनको लागि सूचना प्रकाशन गरी तोकिएको मिति, समय र स्थानमा अन्तर्वार्ता सञ्चालन गर्न अन्तर्वार्ता समितिलाई सहयोग र सहजीकरण गर्ने ।

छ) अन्तर्वार्तावापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क अन्तर्वार्ता समितिबाट प्राप्त गरी तालिकीकरण गर्ने, गराउने।

... कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

ज) सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कुल प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सुची तयार गरी प्रकाशन गर्ने ।

झ) प्रकाशित अन्तिम एकमुष्ट योग्यताक्रमको सुचीमा रहेका उम्मेदवारहरुलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न गाउँ कार्यापालिकामा सिफारिस गर्ने ।

ञ) प्रधानाध्यापक छनौट तथा सिफारिससँग सम्बन्धित अन्य आवश्यक काम गर्ने ।

## परिच्छेद -३

## प्रधानाध्यापक छनौटका आधार तथा मापदण्ड

९. प्रधानाध्यापक छनौट का आधार तथा मापदण्डः-

१. सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौटका लागि १०० पूर्णाङ्कमा मुल्याङ्कन गरिनेछ । मुल्याङ्कन को आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछः

### खण्ड-क

➢ **शैक्षिक योग्यता, शिक्षण अनुभव, ज्येष्ठता, तालिम र अध्यापन नतिजा वापत कूल ३० अङ्क**

१. शैक्षिक योग्यता बापत -१२ अङ्क

| | |
|---|---|
| क. न्यूनतम शैक्षिक योग्यताा बापत - | ८ अङ्क |
| अ) विशिष्ट श्रेणी/३.२ भन्दा माथि जिपीए भए - | ८ अङ्क |
| आ) प्रथम श्रेणी/ २.८ भन्दा माथि ३.२ सम्म जिपीए भए - | ५ अङ्क |
| इ) द्वितीय श्रेणी/ २.४ भन्दा माथि २.८ सम्म जिपीए भए - | ३ अङ्क |
| ई) तृतियवा पास श्रेणी/ २.४ भन्दा कम जिपीए भए - | २ अङ्क |
| ख. माथिल्लो शैक्षिक योग्यता वापत - | ४ अङ्क |
| अ) विशिष्ट श्रेणी/३.२ भन्दा माथि जिपीए भए - | ४ अङ्क |
| आ) प्रथम श्रेणी/२.८ भन्दा माथि ३.२ सम्म जिपीए भए - | ३ अङ्क |
| इ) द्वितीय श्रेणी/२.४ भन्दा माथि २.८ सम्म जिपीए भए - | २ अङ्क |
| ई) तृतियवा पास श्रेणी/२.४ भन्दा कम जिपीए भए - | १ अङ्क |
| उ) श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्कप्रदान गर्ने । | |

**स्पष्टीकरणः** माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एम. फिल. वा पि. एच. डी., आधारभत तह कक्षा १-८ को हकमा स्नातकोत्तर डिग्री वा सो भन्दा माथिल्लो र आधारभत तह कक्षा १-५ को हकमा स्नातक तह वा सो भन्दा माथिल्लो योग्यता मानिनेछ र उम्मेद्वारले इच्छाएको तहको प्राप्ताङ्कलाई आधार मान्न सकिनेछ ।

२. शिक्षण अनुभव बापत - ७.५ अङ्क

अ) पालिकाकै विद्यालयमा गरेको सम्बन्धित तहको शिक्षण अनुभवको लागि प्रति वर्ष १.० अङ्कको दरले पछिल्लो ७ बर्षको बढीमा -७ अङ्क

प्रमुख प्रशासकीय अधिकृत

३. ज्येष्ठता वापत - ३.० अङ्क

अ) सम्बन्धित तहमा स्थायी भई प्रथम श्रेणीमा कार्यरत भए - ३.० अङ्क

आ) सम्बन्धित तहमा स्थायी भई द्वितीय श्रेणीमा कार्यरत भए - २.५ अङ्क

इ) सम्बन्धित तहमा स्थायी भई तृतिय श्रेणीमा कार्यरत भए - १ अङ्क

ई) करार अवधिको अनुभवी शिक्षकलाई तृतिय श्रेणी सरहको अङ्क दिइनेछ ।

४. तालिम वापत - ५ अङ्क

क. शैक्षिक सेवाकालिन तालिम लागि न्युनतम १० महिनाको प्रमाण पत्रसहितको सेवाकालिन तालिम वापत -३ अङ्क

अ) विशिष्ट श्रेणी भए - ३ अङ्क

आ) प्रथम श्रेणी भए - २.५ अङ्क

इ) द्वितीय श्रेणी भए - २ अङ्क

ई) तृतिय वा पास श्रेणी भए - १ अङ्क

उ) श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्कप्रदान गर्ने ।

ख. विद्यालय नेत्तृत्व र व्यवस्थापन सम्बन्धी तालिम वापत- २ अङ्क

अ) शैक्षिक तालिम/जनशक्ति विकास केन्द्र वा नेपाल सरकारको मान्यता प्रास सो सरहका तालिम केन्द्रले सञ्चालन गरेको नेत्तृत्व तथा व्वस्थापन सम्बन्धी कम्तिमा १ महिनाको तालिम लिएको भए- २ अङ्क

५. अध्यापन गरेको विषयमा प्रास नतिजा वापत - ३ अङ्क

क) अध्यापन गरेको विषयमा प्रास नतिजा वापत अङ्क दिँदा पछिल्लो तीन शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको बढीमा १ अङ्कको दरले बढीमा ३ अङ्क दिइनेछ । अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछ ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको पालिकाको औसत उत्तीर्ण प्रतिशत}} \times ३$$

## खण्ड-ख

## विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कूल अङ्क- २५

- **विद्यालय विकास प्रस्ताव वापत देहाय बमोजिम २५ अङ्क हुनेछः**

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण वापत- ३ अङ्क

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि बस्तुनिष्ठ प्रमाण सहित भए बापत- ३ अङ्क

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धी बीचको सुचकगत अन्तर विश्लेषण वापत- ३ अङ्क

४. अपेक्षित उपलब्धि हासिल गर्नको लागि शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्नु सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित) वापत- ८ अङ्क

५. प्रस्तावित योजना कार्यान्वयन कार्ययोजनको खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउन पर्ने) र सोको मुल्याङ्कन का सुचकहरु वापत- ६ अङ्क

प्रमुख प्रशासकीय अधिकृत

६. प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर वापत- २ अङ्क

## खण्ड-ग

## प्रस्ताव प्रस्तुतीकरण र छलफल कूल अङ्क-२०

- प्रस्ताव प्रस्तुतीकरण र छलफल वापत देहाय बमोजिम २० अङ्क हुनेछः
  १. प्रस्ताव प्रस्तुतीकरण वापत- ८ अङ्क
  २. प्रश्नोत्तर र छलफल वापत- १२ अङ्क

## खण्ड-घ

## अन्तर्वार्ता कूल अङ्क- २५

- अन्तर्वार्ता वापत देहाय बमोजिम २५ अङ्क हुनेछः
  १. विषयवस्तुको र शिक्षण सिकाई तौरतरिकाको ज्ञान वापत- २ अङ्क
  २. आत्मविश्वास, व्यक्तित्व र सुचना तथा सञ्चार प्रविधिको ज्ञान र प्रयोग सिप वापत- ३ अङ्क
  ३. नेतृत्व क्षमता, भाषिक शुद्धता, स्पष्टवक्ता र सञ्चार सिप वापत- ३ अङ्क
  ४. बालबालिकाको ज्ञान र सिकाई वातावरण तथा कक्षा व्यवस्थापन सिप वापत- २ अङ्क
  ५. निष्ठा र इमानदारिता/सकारात्मकता वापत- २ अङ्क
  ६. शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव, निरन्तर सिकाई तथा पेसागत विकासमा तदारुपता वापत- २ अङ्क
  ७. शैक्षिक प्रशासन र व्यवस्थापन सम्बन्धी ज्ञान वापत- ३ अङ्क
  ८. निर्णय क्षमता, कानुनी आधार तथा पेसागत आचारसंहिताको ज्ञान वापत- २ अङ्क
  ९. शिक्षाका समसामयिक मुद्दाहरुलाई अवसरमा बदल्ने क्षमता वापत- ३ अङ्क
  १०. शिक्षामा विविधता व्वस्थापन, समावेशिता र समता सम्बन्धि ज्ञान वापत- ३ अङ्क

२. उपदफा (१) खण्ड घ बमोजिमको अन्तर्वार्ता प्रयोजनको लागि प्रधानाध्यापक छनौट समितिले सम्बन्धित विज्ञ व्यक्तिहरुको तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ । अन्तवार्ता समिति आवश्यकता अनुसार तहगत रुपमा अलग अलग गठन गर्न सकिनेछ ।

३. उपदफा (२) बमोजिमको समितिले आवेदकहरुको उपदफा (१) को खण्ड घ बमोजिमको आधारमा अन्तर्वार्ता लिई अङ्कन गरी अन्तर्वार्ता लिने कार्य पुरा गरी सो सम्वद्ध सम्पूर्ण कागजात शिलबन्दी गरि शिक्षा युवा तथा खेलकुद शाखामा कम्तिमा ३ महिनाको सम्म सुरक्षित राख्नु पर्नेछ ।

४. मुल्याङ्कनकर्तालेे उपदफा (१) को खण्ड-ख (विद्यालय विकास प्रस्ताव सम्बन्धी मुल्याङ्कन ), खण्ड-ग (प्रस्ताव प्रस्तुतीकरण र छलफल) र खण्ड-घ (अन्तर्वार्ता) वापत् अङ्क प्रदान गर्दा ४० प्रतिशत भन्दा कम र ७५ प्रतिशत भन्दा बढी अङ्क दिन परेमा सोको पुष्ट्याँई समेत दिनपुर्नेछ ।

१०. प्रधानाध्यापक नियुक्तिः-

१. शिक्षक छनौट समितिले यस कार्यविधिको दफा ९ को खण्ड- ख, ग र घ तथा शिक्षक छनौट समितिले ऐ. दफाको खण्ड-क बमोजिम मुल्याङ्कन तथा अङ्कन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट

तिल ... लिम्बु
... अधिकृत

योग्यताक्रम सहितको सुचि कार्यपालिकामा पेश गर्नेछ र उक्त सिफारिस कार्यपालिकाले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको निर्णय बमोजिम आवश्यकतानुसार उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्तिको लागि विद्यालय तोकि सम्बन्धित विद्यालय व्वस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

२. उपदफा (१) बमोजिम सिफारिस भई आएको शिक्षकलाई प्रधानाध्यापक नियुक्ति तथा पदमा पदस्थापन गर्नु सम्बन्धित विद्यालय व्वस्थापन समितिको कर्तव्य हुनेछ ।

३. उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा एउटै विद्यालयबाट एक भन्दा बढीको नाम प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस भएको अवस्थामा योग्यताक्रममा पहिलो नम्बरमा हुनेलाई निज कार्यरत विद्यालयमा र अर्को शिक्षकलाई क्रमश सम्भव भएसम्म नजिकैको अर्को विद्यालयमा प्रधानाध्यापक नियुक्त गर्ने व्यवस्था मिलाईनेछ ।

४. उपदफा (१) बमोजिम नियुक्ति सँगै नवनियुक्त प्रधानाध्यापकले आफूले विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कुराहरुलाई समयवद्ध ढङ्गले पुरा गर्ने गरी पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा शिक्षा युवा तथा खेलकुद शाखा प्रमखसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

५. प्रधानाध्यापकले आफूले काम गर्ने विद्यालयका शिक्षकहरुसँग सम्बन्धित वडाध्यक्ष र सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको रोहबरमा छुट्टाछुट्टै कार्य सम्पादन करार गर्नुपर्नेछ ।

६. उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्त हुँदा एउटै विद्यालयबाट एक भन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्त भएको वा एउटै विद्यालयमा पनि हाल प्रधानाध्यापक पदमा कार्यरत व्यक्ति भन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्त भएको अवस्थामा आधारभूत विद्यालय १-८ र माध्यमिक विद्यालय १-१०/१२ मा विषय शिक्षकको अनुपात मिल्ने गरी शिक्षकहरुको आन्तरिक दरबन्दि मिलान वा सरुवा गरी मिलान गरिनेछ ।

११. प्रधानाध्यापकको पदावधिः-

१. प्रधानाध्यापकको पदावधि शिक्षा नियमावली — २०५९ को नियम ९३ बमोजिम हुनेछ ।

२. उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछ ।

३. निजले विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिएमा ।

४. कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनी विद्यालय व्यवस्थापन समिति र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले पदमुक्त गरेमा ।

५. पदीय र नैतिक आचरण विपरितको काम गरेको प्रमाणित भएमा ।

६. निज अवकास प्राप्त भएमा ।

७. निजको मृत्यु भएमा ।

८. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिनेछैन । तर नियुक्त भएको पहिलो १ वर्ष भित्र निजले शैक्षिक तथा प्रशासकीय नेतृत्व दिन नसकेको भनी विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको र गाउँपालिकाबाट अनुगमन हुदा समेत सो कुरा पुष्टी भएमा प्रधानाध्यापकको पदबाट निजलाई हटाउन बाधा पर्ने छैन।

१२. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः-

प्रमुख प्रशासकीय अधिकृत

१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार शिक्षा नियमावली, २०५९ र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३.प्रधानाध्यापकको थप सुविधाः-

१. यस कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापकलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधाको अलवा पालिकाले आफ्नो क्षमता प्रधानाध्यापकको कार्य जिम्मेवारि, आवश्यकता र शैक्षिक प्रशासनिक तथा व्वस्थापकिय नतिजाको आधारमा थप सुविधा उपलब्ध गराउन सक्नेछ तर पालिकाबाट थप सुविधा उपलब्ध नभएमा सोको विरोध वा शैक्षिक काम कर्तव्यमा असर पर्ने कार्य गर्न पाईने छैन।

१४. निमित्त प्रधानाध्यापकः-

१. विद्यालयमा कार्यरत प्रधानाध्यापक कुनै कारणले अनुपस्थित भएमा निज विद्यालयमा उपस्थित नभएसम्म वा जुनसुकै कारणले प्रधानाध्यापकको पद रित्त भएकोमा अवस्थामा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो तह र श्रेणीको वरिष्ठतम स्थायि शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर वरिष्ठतम शिक्षकले लिखित रुपमा सो पद अस्वीकार गरि विद्यालय व्वस्थापन समिति समक्ष निवेदन पेश गरेमा वरिष्ठताको पछिल्लो क्रममा रहको स्थायि शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्नसक्नेछ ।

## परिच्छेद-४

## विविध

**१५. बाधा अड्काउ फुकाउने अधिकारः-** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. संशोधनः** यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१७. व्याख्या गर्ने अधिकारः-** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१९. खारेजी र बचाउः** यस कार्यविधिमा प्रष्ट नभएमा वा भएको व्यवस्थामा थप व्याख्याको आवश्यकता परेमा गाउँ कार्यपालिकाको व्याख्या मान्यहुनेछ र अन्य कुराहरु संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिमहुने र नेपालको संविधान, संघीय तथा प्रदेश कानुनसँग कार्यविधिको कुनै कुरा बाझिन गएमा बाझिएको हदसम्म स्वत बदर हुनेछ ।

हिरा कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

विद्यालय विकास प्रस्तावको ढाँचा

(दफा ४ सँग सम्बन्धित)

१. परिचय

२. दूरदृष्टी, लक्ष्य, उद्देश्य

३. विद्यालयको विद्यमान अवस्था

निम्न सूचना मा आधारित भई विश्लेषण गर्ने:

- क) सेवाक्षेत्रको जनसङ्ख्या
- ख) विद्यालयको भौतिक अवस्था
- ग) विद्यालयको शैक्षिक अवस्था
- घ) विद्यालय समुदायको सम्बन्ध
- ङ) विद्यालयको आर्थिक अवस्था

४. प्रस्तावित योजना (रणनीतिक तथा कार्यनीति सहित)

- क) शैक्षिक
- ख) भौतिक
- ग) आर्थिक
- घ) व्यवस्थापकीय

५. वार्षिक कार्यान्वयन कार्ययोजना

- क) आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ।

६. संस्थागत क्षमता विकास

- क) जनशक्ति विकास
- ख) भौतिक संरचना विकास

तिलक कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत